## आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १० मितिः २०८२/०३/२८

भाग-२

## आठविसकोट नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,को दफा को उपदफा (३) बमोजिम आठविसकोट नगर कार्यपालिकाबाट स्वीकृत ऐनहरु सर्वधारणका लागि स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ।

**आठविसकोट नगरपालिका बसपार्क व्यवस्थापन कार्यविधी २०८२**

नगर कार्यपालिकामा पेश भएको मिति :२०८२/०३/०८

नगर कार्यपालिकामा पारित भएको मिति:२०८२/०३/०९

प्रमाणिकरण मितिः २०८२/०३/१२

## आठविसकोट नगरपालिका

# नगर कार्यपालिका कार्यालय

## आठविसकोट, रुकुम (पश्चिम भाग)

## कर्णाली प्रदेश, नेपाल

### आठविसकोट नगरपालिका बसपार्क व्यवस्थापन कार्यविधी २०८२

आठविसकोट नगरपालिका रुकुम पश्चिम भाग

**आठविसकोट नगरपालिका**

**रुकुम (पश्चिम भाग)**

# आठविसकोट नगरपालिका बसपार्क व्यवस्थापन कार्यविधी २०८२

**प्रस्तावना : आठविसकोट नगरपालिका रुकुम पश्चिम भागको स्वामित्वमा रहेको नवनिर्मित आठविसकोट बसपार्कलाई व्यवस्थीत ढंगबाट सञ्चालन तथा व्यवस्थापन गरी टिकट काउन्टर, बस पार्क भवन व्यवस्थापन गर्न वाञ्छनिय भएकाले,**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसारको अधिकार प्रयोग गरी यो कार्यविधी आठविसकोट नगरपालिका को कार्यपालिकाले लागु गरेको हो ।**

## परिच्छेद -१

**संक्षिप्त नाम र प्ररम्भ**

१. संक्षिप्त नाम र प्ररम्भ : (१) यस कार्यविधीको नाम आठविसकोट नगरपालिका व्यवस्थापन कार्यविधी २०८२ रहेको छ ।

२. (२) यो कार्यविधी आठविसकोट नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२ परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :-

(क) "बसपार्क" भन्नाले आठविसकोट नगरपालिकाद्वारा निर्मित आठविसकोट नगरपालिका वडा नं ९ मा रहेको बसपार्कलाई सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ४ बमोजिम गठित बसपार्क व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ग) " कार्यपालिका" भन्नाले आठविसकोट नगरपालिका रुकुम पश्चिम भागाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले आठविसकोट नगरपालिका नगर कार्यापालिकाको कार्यालय रुकुम पश्चिम भागलाई सम्झनु पर्छ ।

(ङ) "लामो दुरीका गाडी" भन्नाले रुकुम (पश्चिम भाग) जिल्ला भन्दा बहिरी जिल्लाका विभिन्न स्थानमा ५ घण्टा भन्दा बढी यात्रा समय लाग्ने दुरीका गाडी सम्झनु पर्छ ।

(च) "छोटो दुरीका गाडी" भन्नाले रुकुम (पश्चिम भाग) सहित बाहिरी जिल्लाका विभिन्न स्थानमा ५ घण्टा भन्दा कम यात्रा समय लाग्ने दुरीका गाडी सम्झनु पर्छ ।

(छ) "ठेकेदार" भन्नाले नगरपालिकासँग सम्झौता गरी सञ्चालन /व्यवस्थापनको जिम्मा लिएको प्रचलित कानून बमोजिम दर्ता फर्मको प्रोपराइटर सम्झनु पर्छ ।

आठबिसकोट नगरपालिका रुकुम पश्चिम भाग

## परिच्छेद-२

## उद्देश्य

३.कार्यविधीको उद्देश्य : (१ ) यो कार्यविधीको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) बसपार्क सञ्चालन तथा व्यवस्थापनमा सहयोग गर्ने,

(ख) बसपार्कलाई सही ढंगबाट सञ्चालन तथा व्यवस्थापन गरी नगरको सौन्दर्य वृद्धिमा सहयोग गर्ने,

(ग) नगरपालिकाको आय-आर्जनामा सहयोग पुर्याउने ।

## परिच्छेद-३

## बसपार्क व्यवस्थापन समिति

४. बसपार्क व्यवस्थापन समिति गठन:- (१) बसपार्कको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सल्लाह,सुझाव, तथा नियमन गर्ने देहाय बमोजिमको बसपार्क व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगर प्रमुखले तोकेको कार्यकारी एक जना –उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) बसपार्क रहेको वडाध्यक्ष –सदस्य

(ङ) नगर प्रुमखबाट मनोनित जग्गा चन्दादाता मध्यबाट एकजना-सदस्य

(च) नगर कार्यापालिकाबाट मनोनित एकजना अधिकृत स्तरको कर्मचारी एक जना-सदस्य सचिव

(२) समितिको बैठकमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधीहरुलाई आमन्त्रित सदस्यका रुपमा आवश्यकता अनुसार आमन्त्रण गरिनेछ ।

५. बसपार्क व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार (१) बसपार्क व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

(क) बसपार्क व्यवस्थापनका सम्बन्धमा नगरपालिकालाई आवश्यक सल्लाह सुझाव दिने,

(ख) बसपार्कको काउन्टर तथा बसको पार्किङ्ग व्यवस्थापन मिलाउने,

(ग) बसपार्क भित्र रहने टिकट काउन्टरहरु राख्ने स्थान तोक्ने,

(घ) बसपार्कको नियम पालना गर्न लगाउने, तथा नियम विपरित कार्य गर्नेलाई कारबाही गर्ने,

(ङ) बसपार्क भित्रका सेडहरुको भाडा दर तथा टेण्डर प्रकृयाको विषय कार्यपालिका समक्ष सिफारिस गर्ने,

(च) बसपार्कमा हुन सक्ने विवादको समाधान गर्ने,

(छ) बसपार्क निरिक्षक तोक्ने,

(ज) बसपार्क व्यवस्थापन सन्दर्भमा अन्य कार्यहरुर गर्ने,

(२) समितिलाई कुनै विषयमा विशेषज्ञ परामर्श आवश्यक परेमा समितिका पदाधिकारी मध्ये कुनै सदस्य संयोजक रहने गरी विशेष कार्यदल गठन गरी बसपार्क व्यवस्थापनका लागि परामर्श लिनेछ ।

## परिच्छेद-४

## बसपार्कबाट लिइने सेवा शुल्क तथा वहाल रकम सम्बन्धी व्यवस्था

६. सेवा शुल्क तथा वहाल रकम : (१) बसपार्क भित्र लिइने सेवा शुल्क तथा वहाल रकम देहाय बमोजिम हुनेछ :

(क) कोठा वा सेड (सवारीको लागि बनाइएको छहारी) भाडा: बसपार्कको गुरु योजना अनुसारका तोकिएका कोठा एवं सेड(टिकट काउन्टर बाहेक) बाट तोकीए बमोजिमको वहाल रकम लिने पगरी सम्पूर्ण कोठा वा सेडलाई एकमुष्ट भाडा दिई वहाल रकम असूल गर्ने व्यवस्था मिलाइनेछ । यसरी एकमुष्ट वहालमा लिने व्यक्ति वा फर्मले अन्य व्यक्ति वा फर्मलाई तोकिए बमोजिमको शर्तका पालना गर्ने गरी भाडामा दिंदा दफा ७ बमोजिमको प्रकृया अबलम्बन गरिनेछ ।

(ख) बसपार्क प्रवेश शुल्क : बसपार्क भित्र प्रवेश गर्ने सबै बसहरुबाट तोकिए बमोजिमको प्रवेश शुल्क असूल गरिनेछ ।

(ग) बस पार्किङ्ग शुल्क: बसपार्कमा पार्किङ्ग भई रात बिताउने बसहरुबाट तोकिए बमोजिमको पार्किङ्ग शुल्क नगरपालिका वा ठेक्काबाट असूल गरिनेछ ।

(घ) शौचालय सेवा शुल्क : बसपार्कभित्र रहेको शौचालय प्रयोग गरे वापत तोकिए बमोजिमको सेवा शुल्क असूल गरिनेछ । तर यस प्रकारको सेवा शुल्क बालबालिका, जेष्ठ नागरिक, अपांगहरुबाट असूल गरिने छैन ।

(ङ) विज्ञापन शुल्क: बसपार्कमा रहेका कोठा तथा सेडको व्यवसाय तथा बसपार्क व्यवस्थापनमा अवरोध नहुने गरि समितिले तोके मोजिमको विज्ञापन शुल्क लिने गरि सम्बन्धित फर्मलाई वि१पन राख्ने ठाँउ उपलब्ध गराउने छ ।

(च) अन्य शुल्क : समितिले सिफारिस गरि कार्यपालिकाबाट निर्णयय भए बमोजिमका अन्य शुल्क ।

(२) दफा ६ बमोजिमका वहाल तथा सेवा शुल्क मध्ये दफा ६ को उपदफा (१) को खण्ड (ङ) वाहेकका सबै वहाल तथा सेवा शुल्क असूलीका लागि नगरपालिकाले हायको प्रकृया अवलम्बन गरी एकपटकमा बढीमा तिन वर्ष नबढ्ने गरि ठेक्का बन्दोवस्त गर्नेछ ।

(क) बसपार्क भित्र रहेका सेडहरु मध्ये अनुसूची(१) मा तोकिए बमोजिमका सेडहरुको नक्सामा उल्लेखित कोठा वा सेडमा राखिने व्यवसाय वा सेवाका आधारमा कोठा वा सेड नम्बरको भाडा रकम समितिले तोकि कार्यपालिका समक्ष सिफारिस गर्नेछ । समितिले भाडा दर सिफारिस गर्दा देहायका आधारमा न्युनतम भाडा दर कायम गर्नेछ :

(१) कोठको क्षेत्रफल,

(२) टिकट काउन्टर, गेट जस्ता बढी मानिसको चहलपहल हुने स्थान,

(३) व्यवसायिक कोठाको चलन चल्तीकभाडा दर ।

(ख) बसपार्क प्रवेश शुल्क, बस पार्किङ्ग र शौचालय सेवा शुल्कको दर अनुसूचि-३ लाई आधार मानी वार्षिक रुपमा उठ्न सक्ने रकमको एकिन समितिले गरि कार्यपालिका समक्ष पेश गर्ने छ ।

(ग) माथि (क) र (ख) बमोजिम कोठा भाडा र प्रवेश, पार्किङ, शौचालय सेवा शुल्कबाट वार्षिक उठ्न सक्ने रकमका आधारमा नगरपालिकाले तोके बमोजिमको शर्त राखि बसपार्क सञ्चालन तथा व्यवस्थापनका लागि नियमानुसार खुल्ला वोलपत्र (ठेक्का) आह्वान गर्नेछ ।

(घ) ठेक्का वन्दोवस्ती प्रकृया देहाय अनुसार हुनेछ :

(१) सटर तथा पसल कबलहरु भाडामा लगाउने, सरसफाई सरसफाई र सुरक्षाको जिम्मा लिने गरी कम्तिमा तीस दिनको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी वोलपत्र आह्वान गरिनेछ । वोलपत्र कागजात खरिद गर्न रु.तीन हजार वोलपत्र दस्तुर बुझाउनु पर्छ ।

(२) ठेकेदारको योग्यता : फर्मको उद्देश्यमा सरकारी ठेक्कापट्टामा भाग लिने भएको हुनुपर्छ ।

(३) ठेकेदारकले पसल कबलहरु अन्य व्यक्ति वा फर्मलाई भाडामा लगाउँदा ठेक्काबाट स्वीकृत भई सम्झौता भई सम्झौता भएको कुल राजश्व रकममा तीस प्रतिशत भन्दा बढी नहुने गरी (पानि,विजुली,सुरक्षा, सरसफाई लगायतका व्यवस्था गरे वापत) रकम लिन सक्ने ।

(४) पसल तथा वस्तु र सेवाको मुल्य सम्बन्धमा : सटर भाडामा रकम बढीमा लिएको वा अन्य जुनसुकै पनि कारण देखाई बसपार्क भित्रबाट बिक्रि हुने वस्तु तथा सेवाको मुल्यमा वृद्धि गर्न नपाईने । कुनै पनि वस्तु अधिकतम खुद्रा मुल्यभन्दा बढीमा बिक्रि गर्न नपाईने । अधिकतम खुद्रा मुल्य उल्लेख नहुने वस्तु तथा सेवाको सबैले स्पष्ट देख्ने गरि मुल्य सूचि टाँस गर्नु पर्ने ।

(५) वस्तु तथा सेवाको गुणस्तर मुल्य लगायतका विषयमा नगरपालिकाले मासिक रुपमा अनुगमन गर्ने । मापदण्ड विपरित पाइएमा तत्काल कारवाही गर्ने ।

(ङ) बोलपत्रको मूल्याङ्कन अधिकतम मुल्य अंकित सारभुत रुपमा प्रभावग्रहीलाई स्वीकृत गर्ने गरि सार्वजानिक खरिद ऐन र नियमावली बमोजिम हुनेछ ।

(३) बोलपत्र पेश गर्दा सूचनामा उल्लेख भए अनुसारको धरौटी राखेको नगदि रसिद वा बैंक भौचर अनिवार्य पेश गर्नु पर्नेछ ।

(४) स्वीकृत बोलपत्रदाताले सम्झौता गर्नुपूर्व न्युनतम तीन महिनाको भाडा रकम बराबर हुन आउने नगद धरौटी र सम्झौता अवधी भरको भाडाको ५ प्रतिशत बैंक जमानत वा नगद थप धरौटी वापत नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(५) यस परिच्छेदमा जुनसूकै कुरा भए तापनि कार्यपालिकाबाट स्वीकृत भाडा दर तथा यस कार्यविधीमा उल्लेखित विभिन्न सेवा शुल्क दरलाई आधार मानी विशेष परिस्थितीमा नगरपालिकाले कार्यापालिकाको सहमतिमा छुट्टै कर्मचारी राखी बसपार्कको सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद – ५

## टिकट काउन्टर व्यवस्थापन

७. टिकट काउन्टर वितरण विधी: (१) ठेक्का वा अमानतबाट बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्दा विभिन्न यातायात कम्पनीलाई टिकट उपलब्ध गराउदा देहाय बमोजिम गरिनेछ :-

(क) प्रथम पटक सात दिने सूचना दिई रुकुम पश्चिममा प्रधान कार्यालय हुने यातायात व्यवसायी संस्थाहरुलाई आफ्नो संस्थाको सम्पूर्ण कागजातको प्रतिलिपी सहित गाडी संख्या र रुट परमिटको प्रमाण र नगरपालिकामा व्यवसाय दर्ता गरेको प्रमाण समेत संलग्न राखि सुचि दर्ता गर्ने ।

(ख) उक्त अवधिमा व्यवसाय दर्ता हुन आएका कम्पनीहरुलाई बसपार्क टर्मिनलको टिकट काउन्टर नि:शुल्क कम्तीमा एक वटा मात्र नगरपालिकाले गोला प्रथाद्वारा टिकट काउन्टर वितरण गर्ने ।

(ग) यसरी वितरण पश्चात गाडी संख्या पचास भन्दा माथि र रुट संख्या प्रदेश बाहिर समेत गरी दश भन्दा बढी हुने कम्पनीलाई आफैले संरचना निर्माण गर्ने गरी व्यवसायीको सहमती वा गोला प्रथाबाट थप काउन्टर दिने ।

(घ) बसपार्क सञ्चालन भए पश्चात काउन्टर माग गर्ने यातायात कम्पनीलाई बसपार्कमा टिकट काउन्टर दिन नगरपालिका बाध्य हुने छैन तर बस पार्किङ तथा यात्रु ओराल्ने र चढाउने कार्य भने नियमानुसार शुल्क बुझाई गर्न गराउन भने बाधा पर्ने छैन ।

## परिच्छेद – ६

## बसपार्क व्यवस्थापक र बसपार्क प्रयोगकर्ताले पालना गर्नुपर्ने नियमहरु

८. बसपार्क व्यवस्थापक र बसपार्क प्रयोगकर्ताले पालना गर्नुपर्ने नियमहरु : (१) बसपार्क सञ्चालन गर्ने जिम्मा लिने व्यवस्थापक तथा सोको प्रयोगकर्ताले देहायका शर्तहरु पालना गर्नु पर्नेछ ।

(क) बस व्यबसायी ,चालक, तथा कर्मचारीहरुले :-

(१) लामो दुरीका साना बस छुट्नु भन्दा बढीमा एक घण्टा पहिले बसपार्क प्रवेश गराउने तथा बाहिरबाट आएका बसले एक घण्टा भित्र यात्रु ओराल्ने तथा सामानको व्यवस्था गर्नु पर्छ ।

(२) लामो दुरीका सानो बस र छोटो दुरीका बसहरु छुट्नु भन्दा बढिमा तिस मिनेट पहिले बसपार्कमा प्रवेश गराउने तथा बाहिरबाट आएका बसले तिस मिनेट भित्र यात्रु ओराल्ने तथा सामानको व्यवस्थापन गर्नुपर्छ ।

(३) बस व्यवसायी चालक तथा कर्मचारीहरुले बोल्दा सभ्य,शिष्ट र नम्र भाषाको प्रयोग गर्नुपर्छ ।

(४) तोकिएको समयमा र स्थानमा गर्नु भनि तोकिएका कामहरु गर्नु पर्दछ ।

आठबिसकोट नगरपालिका रुकुम पश्चिम भेरी

(५) तोकिएको स्थान बाहेक अरुलाई असर पर्ने गरी धुम्रपान,मध्यपान गरी जथाभावी वोल्न र अभद्र व्यवहार गर्न पाइने छैन।

(६) चालकले बस जुनसुकै स्थानमा पार्किङ गर्न,रोक्न वा हर्न बजाउन पाइने छैन।

(७) कर्मचारीहरुले जथाभावी यात्रुलाई अमर्यादित व्यवाहार गर्ने,सवारीको लागि तान्ने,धकल्ने वा अन्य किसिमले दुर्व्यवहार गर्न पाइने छैन।

(८) बस व्यवसायी वा चालकले गाडि मर्मत गराउदा जथाभावी गराउन पाइने छैन। तोकिएको स्थानमा तोकिएको दस्तुर तिरेर मात्र गराउनु पर्छ।

(९) बसपार्क भित्रको आचार संहिता पालना गर्ने गराउने, सरसफाई गर्ने वा गराउने दायित्व समेत बहन गर्नु पर्दछ।

(१०) तोकिएको समयभन्दा बढी समय बसपार्कमा बस पार्किङ गर्न पाइने छैन।

(११) चालक, सहचालक र कन्डक्टर तथा टिकट काउन्टरका कर्मचारीले तोके बमोजिमको पोषाक लगाउनु पर्छ।

(ख) सेवाग्रहीहरुले:-

(१) सेवाग्रहीले तोकिएको स्थानमा गई टिकट लिनुपर्छ।

(२) टिकटमा उल्लेखित सिटमा मात्र बस्नु पर्छ।

(३) बस व्यवसायी,चालक र कर्मचारीसँग मर्यादित व्यवाहार गर्नुपर्छ।

(४) धुम्रपान, मध्यपान गरि अरुलाई समेत असर पर्ने गरि व्यवाहार गर्न पाइने छैन। सभ्य यात्रुको परिचय दिने दायित्व समेत सेवाग्रहीको हुनेछ।

(५) आफ्नो कारणले सिर्जित फोहोर मैलालाई जथाभावी फाल्न पाइने छैन तोकिएको स्थानमा वा स्वंय आफैले विसर्जन गर्नु पर्छ।

(ग) सेडमा व्यवसाय गर्ने व्यवसायीहरुले :-

(१) प्रचलित कानूनले तोकेको मापदण्ड भित्र रही उद्योग,फर्म ,व्यापर व्यवसाय वा अन्य कुनै सेवा सञ्चालन गर्नु पर्छ।

(२) प्रचालित कानूनले निषेध गरेका वस्तुको विक्रि वितरण तथा मदिराजन्य व्यवसाय गर्न पाइने छैन।

(३) तोकिएको सेवा वा वस्तुमा गुणस्तरियता कायम भएको हुनु पर्दछ।

(४) व्यवसाय सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा नगरपालिकाको स्वीकृती लिएर मात्र व्यवसाय सञ्चालन गर्नु पर्छ।

(५) सेवा बस्तुको कारोबार गर्दा प्रचलित कानून बमोजिम दर्ता स्वीकृती लिनु पर्ने भए लिएको प्रमाण लिई जुनसुकै समयमा पनि अनिवार्य उपलब्ध हुने गरि राख्नु पर्छ।

(६) बसपार्क क्षेत्रभित्र वस्तुको व्यपार व्यवसाय गर्दा तोकिएको स्थानमा बाहेक अन्यत्र सेवा सञ्चालन गर्न पाइने छैन।

(७) सरसफाई र स्वच्छता कायम गर्नका लागि आफ्नो अगाडीको वा क्षेत्र भित्रको सरसफाई गर्ने जिम्मेवारी व्यवसायीको हुनेछ । पसल अगाडी अनिवार्य फोहर व्यवस्थापन भाँडो (डस्टविन) राख्नु पर्दछ ।

(८) नगरपालिकाको अनुमती नलिई सेड वा संरचनामा थप संरचना थप्न वा गाँस्न पाइने छैन ।

(९) अत्यावश्यक वस्तु वा सेवाको आपुर्ती  व्यवस्थालाई असहज पुर्याउने उद्देश्यले कसैले पनि कृतिम अभावको सृजना गर्न पाइने छैन ।

(१०) अत्यावश्यक वस्तु वा सेवाको सुचि र मुल्य निर्धारण गरि सूचना टाँस गर्नुपर्छ ।

(११) स्थानीय बजार व्यवस्थापन अनुगमन तथा उपोभोक्ता हित संरक्षण सम्बन्धी ऐन,२०७६ को पूर्ण पालना गर्नु पर्छ ।

(घ) ठेकेदार व्यवसायी वा व्यवस्थनपकले:

(१) नगरपालिकाको सम्झौता अनुसार तोकिएको सम्पूर्ण कामकाज गर्नु पर्ने । सेवाग्राहीले तोकेको स्थानमा गई टिकट लिने व्यवस्था मिलाउने ।

(२) प्रत्येक थप एक वर्ष सम्झौता  बमोजिमको रकम वृद्धि गरि भाडा रकम नगरपालिकालाई भुक्तान दिनु पर्ने ।

(३) कुनै कारणवश बसपार्कव्यवस्थापनको सम्झौता तोड्न चाहेमा कम्तीमा ६ महिना अगाडी नगरपालिकालाई जानकारी गराउनु पर्दछ ।

(४) नगरपालिकालाई बुझाउनु पर्ने दायित्व तोकिएको समयमा नै अनिवार्य रुपमा बुझाउनु पर्छ ।

(५) बसपार्क भित्रमा बत्ती,पानी,शौचालय, टेलिफोन लगायतका अन्य भौतिक संरचनाहरुको संरक्षण ,संवर्द्धन मर्मत सम्भार गर्ने गराउने ।

(६) बसपार्क भित्र रहेका समक बत्ती,शौचालयको नियमित मर्मत संभार गरी दुरुस्त राख्नु पर्ने,कुनै कारणवश कुनै संरचना हटाउनु पर्ने देखिएमा नगरपालिकाको सहमती वेगर हटाउन नपाइने ।

(७) बसपार्क भित्रको क्षेत्रलाई सफा सुग्घर, हरियाली,शौन्दर्यमूलक,कोलाहालमुक्त बनाउन तर्फ ध्यान दिने ।

(८) बसपार्क भित्र आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्थापन गर्दै कर्मचारीलाई परिचालन गर्ने ।

(९) सब लिजमा दिंदा वा फेरबदल गर्दा अनिवार्य रुपमा नगरपालिकाको अनुमती लिनु पर्छ वा सो को जानकारी गराउनु पर्छ । नगरपालिकाबाट स्वीकृत रकम भन्दा बढी भाडा लिन पाइने छैन ।

(१०) नगरपालिकाले मागेको जुनसूकै सूचना वा विवरण तोकिएको समयमा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(११) तोकिएका व्यवसायहरु बाहेकका अन्य व्यवसाय नगराउने, तोकिएको व्यवसाय एवं टिकट काउन्टरलाई तोकिएको क्षेत्रभन्दा अन्यत्र प्रयोग गर्न निषेध गर्ने ।

(१२) बस/जिप बाहेका अन्य सवारी साधनलाई बसपार्क भित्र प्रवेश निषेध गर्ने ।

(१३) बसपार्कको सुरक्षाको लागि आवश्यक प्रवन्ध गर्ने । बसपार्क भित्र रहने सम्पूर्ण पसल कवलहरुको जिम्मा लिई व्यवस्थापन गर्ने ।

(१४) यस कार्यविधीमा भए बाहेकका विषयहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन ।

(ङ) नगरपालिकाको जिम्मेवारि :

(१) बसपार्कको क्षेत्र बिस्तार तथा नयाँ संरचना निर्माणको कार्य गर्ने गराउने । सेवाग्रहीले तोकिएको स्थानमा गई टिकट लिनु पर्दछ ।

(२) बसपार्क भित्र थप संरचना आवश्यक भए सो को व्यवस्थापन गर्ने गराउने ।

(३) सम्झौता बमोजिमको काम भए नभको अनुगमन गर्ने र नभएमा तत्काल गर्न लगाउने ।

(४) बसपार्क व्यवस्थापनमा देखिएका विवादको निरुपण गर्ने ।

(५) सम्झौता उल्लेखित शर्त पालना नगरेका कारणले नगरपलिकाले विचमा नै सम्झौता तोड्नु पर्ने देखेमा तिन महिनाको म्याद दिई सम्झौता भंग गर्न सक्नेछ । यसरी सम्झौता तोड्नु पूर्व बसपार्क व्यवस्थापकलाई सफाई पेश गर्ने मौका दिइने छ ।

(६) नगरपालिकाले लिजमा दिने प्रयोजनकालागि कार्य विवरण तयार गर्ने सुचना प्रकाशन गर्ने ,छनौट गर्ने र नियमानुसार सम्झौता गर्ने ।

(७) बसपार्क भित्रको क्षेत्रमा बस्तु तथा सेवाको निर्धारण गर्ने र आवश्यकता अनुसार सेवा सञ्चालन वान विक्रि कक्षकव लागि स्थान उपलब्ध गराउने ।

(८) सम्झौता तथा पप्रचलिन मापदण्ड अनुसार सम्बन्धित पक्षहरुको जिम्मेवार पूरा गरे वा नगरेको सो सम्बन्धमा नियमन गर्ने ।

(९) विधुत्, पिउने पानी, शौचालय, फोहरमैला व्यवस्थापन, सुरक्षा प्रवन्ध, बाटोघाटो ट्राफिक व्यवस्थानको लागि आवश्यक सहजिकरण गर्ने ।

(१०) स्थानिय बजार व्यवस्थापन तथ उपोभफोक्ता हित संरक्षणका लागि आवश्यक भूमिका निर्वाह गर्ने गराउने ।

(११) आवश्यकता अनुसार छड्के वा प्रत्यक्ष निरिक्षण गरी कारवाही गर्ने वा कारवाहीका लागि सिफारिस गर्नुपर्ने ।

## परिच्छेद- ७

## दण्ड र जरिवाना

९. नियम पालना नगर्ने उपर कारवाही: (१) बसपार्क भित्रका लागि तोकिएका नियम पालना नगरेको पाइएमा नगरपालिकाबाट तोकिएको निरिक्षक वा ट्राफिक प्रहरीले देहाय बमोजिमको कारवाही गर्नेछ ।

(क) तोकिएको स्थानमा पार्किङ नगरेमा, तोकिएकव समय भन्दा बढी समय बस पार्किङ गरेमा , बसपार्क

आठबिसकोट नगरपालिका रुकुम पश्चिम भाग

भित्र पालना गर्नुपर्ने ट्रफिक नियम पालना नगरेमा प्रथम पटकका लागि एक हजार रुपैंयासम्म जरिवाना र सोहि कसुर दोहोर्याएमा पटकै पिच्छे दोब्बर जरिवाना हुनेछ ।

(ख) मापदण्ड विपरित हर्न बजाउने, यात्रु तानातान गर्ने जस्ता यात्रुमैत्री व्यवाहार नगरेमा पाँचसयसम्म जरिवाना हुनेछ ।

(२) दफा ८ को उपदफा (ग) बमोजिम बसपार्कमा व्यवसाय गर्ने व्यवसायीहरुले पालना गर्नुपर्ने नियम पालना नगरेको पाइएमा नगरपालिकाबाट तोकिएको निरिक्षकले उक्त व्यवसायीलाई प्रथम पटक पाँच हजार रुपैंयासम्म जरिवाना र दोस्रो पटक सोहि गल्ति दोहोरिएमा सो को दोब्बर जरिवाना र तेस्रो पटक पनि सो गल्ति दोहोर्याएमा कोठ वा सेडबाट निष्कासन गर्न समिति समक्ष पेश गर्नेछ । समितिले निजलाई कोठाबाट निष्कासन गर्ने आदेश दिएमा बसपार्क व्यवस्थापकले उक्त व्यवसायीलाई बसपार्कबाट निष्कासन गर्नु पर्नेछ ।
(३) दफा ८ को उपदफा (घ) विपरित कार्य गरे गराएमा प्रथम पटक पन्ध्र हजार रुपैंया दोस्रो पटक सो को दोब्बर र तेस्रो पटक पनि यस प्रकारको गल्ति गरेमा नगरपालिकाले सम्झौता रद्दको प्रकृया अगाडी बढाउने छ ।

(४) ठेकेदारले जिम्मा लिएको क्षेत्रको कुनै सार्वजानिक सेवा(शौचालय, सरसफाई,सडक बत्ती) गुणस्तरिय नदिएको गुणासो नगरपालिकामा आएमा बसपार्क व्यवस्थापन समितिले स्थलगत अनुगमन गरि कसुर अनुसारको जरिवाना वा सुधारका लागि विशेष आदेश दिन सक्नेछ यस प्रकारको आदेश नमानेमा प्रथम पटक पाँच हजार रुपैंया जरिवाना तत्पश्चात पटकै पिच्छे दोब्बर जरिवाना नगरपालिकाले गर्नेछ । यस प्रकारको जरिवाना सम्बन्धित पक्षले नगद जम्मा नगरेमा बस व्यवस्थापनको धरौटिबाट कट्टा गरिनेछ ।

**परिच्छेद-८**

**विविध**

१०. बाधा अड्काउ फुकाउ: (१) यस कार्यविधीमा उल्लख नभएका विषयको हकमा नगर कार्यपालिकाको निर्णय, क्षेत्रगत नीति तथा कार्यक्रम तथा प्रचलित कानून बमोजिम हुनेछ ।

११.संशोधन र खारेजी: (१) यो कार्यविधीको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा नगर कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

## अनुसूची -१

**(दफा ६ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)**

बसपार्कको कोठा वितरण नक्सा तथा सेडमा राखिने सेवा तथा व्यवसायको किसिम

## अनुसूची -२

**(दफा ७ उपदफा(१) क खण्ड (ख) सँग सम्बन्धित)**

बसपार्क प्रवेश शुल्क, बस पार्किङ्ग र शौचालय सेवा शुल्कको दर

(क) बसपार्क प्रवेश शुल्क

(अ) लामो दुरीमा चल्ने ठूला सवारी साधन रु.१००।–

(आ) लामो दुरीमा चल्ले साना सवारी साधन रु.५०।–

(इ) छोटो दुरीमा चल्ने ठूलो सवारी साधन रु.५०।–

(ई) छोटो दुरीमा चल्ने साना सवारी साधन रु.३०।–

(ख) पार्किङ्ग शुल्क रात विताउनु पर्ने भएमा मात्र(प्रतिदिन)

(अ) बस रु.२००।–

(आ) अन्य सबै प्रकारका साना सवारी साधन रु.१५०।–

(ग) शौचालय सेवा शुल्क

(अ) दिसा गरेको/पिसाव फेरेको रु.५।–

(आ) नुहाएको रु.२०।–

आठबिसकोट नगरपालिका रुकुम पश्चिम भाग

## अनुसूची-३

**(दफा ६ को उपदफा (२) (ख) सँग सम्बन्धित)**

बस व्यवसायी फर्महरुको व्यवसाय कर र बसपार्क सेवा प्रयोग सूचिकृत शुल्क:

(क)व्यवसाय कर (वार्षिक)

अ. २५ वटासम्म सवारी साधन भएका प्रा.लि. रु.५०००।–

आ. ५० वटासम्म सवारी साधन भएका प्रा.लि. रु.१०,०००।–

इ. १०० वटासम्म सवारी साधन भएका प्रा.लि.रु.१५,०००।–

ई. १०० वटाभन्दा बढी सवारी साधन भएका प्रा.लि.रु.२०,०००।–

(ख) बसपार्क सेवा प्रयोग सूचिकृत शुल्क(वार्षिक)

अ. ५० वटासम्म सवारी साधन भएका प्रा.लि.रु.५०००।–

आ. ५० वटाभन्दा बढी सवारी साधन भएका प्रा.लि. रु.१०,०००।–

आज्ञाले,
ई.राजेश गौतम
नि.प्रमुख प्रशासकीय अधिकृत

आठबिसकोट नगरपालिका रुकुम पश्चिम भाग